# गण्डकी प्रदेश सभा

# **सार्वजनिक लेखा समिति**

## पाँचौ बैठक

## मिति २०८० पौष २४ गते, मंगलबार, दिनको ११:०० बजे

**<u>दैनिक कार्यसूची</u>**

१. महालेखा परिक्षकको पाँचौ वार्षिक प्रतिवेदन (गण्डकी प्रदेश) को प्रतिवेदनमा औंल्याइएको यस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा भूमि व्यवस्था मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा देखिएको वेरुजुको कारण, वेरुजु फछ्यौंटको हालको अवस्था, मुख्य समस्या, समाधानका उपाय, वेरुजु फछ्यौंटको लागि हाल सम्म गरिएका कार्यहरु लगायत अन्य सम्बन्धित विषयमा छलफल हुने ।

२. विविध

***<u>अघिल्लो बैठकको संक्षिप्त कार्यबाहीको विवरण</u>***

१. समितिमा पेश भएको "सार्वजनिक लेखा समितिको कार्यविधि, २०८०" सर्वसम्मतिले पारित भएको ।

२. महालेखा परिक्षकको प्रतिवेदनहरुको समितिमा अध्ययन र छलफलको लागि सचिवालयले तयार गरेको कार्यतालिका स्वीकृत गरी उक्त कार्यतालिका बमोजिम सम्बन्धित मन्त्रालय/निकायहरुलाई तोकिएको मिति र समयमा समितिमा छलफलका लागि पत्राचार गरिएको ।

३. समितिले मिति २०८०।०८।१९ गते आयोजना गरेको "भ्रष्ट्राचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धी नागरिक संवाद कार्यक्रम" मा समितिले तयार गरेको प्रतिवेदन अनुसार सरोकारवालाहरुले उठाउनु भएका महत्वपूर्ण सवालहरु पहिचान गरी सार्वजनिक लेखा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुको बारेमा सम्बन्धित नियकायसँग छलफल गर्ने र अन्य विषयहरु सम्बन्धित समितिलाई जानकारी गराउने ।